# नामिबियासँग नेपाल पराजित

**हिमालय टाइम्स**
**काठमाडौं, २८ असार**

आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक एकदिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) क्रिकेट सिरिजमा नेपाल नामिबियासँग ४० रनले पराजित भएको छ। सोमबार राती भएको खेलमा जितका लागि २२१ रनको लक्ष्य पाएको नेपाल ४६.५ ओभरमा सबै विकेट गुमाएर १८० रनमै समेटियो। नेपालका आरिफ शेखले सर्वाधिक ५० रन जोड्नुभयो। ८४ बलमा उहाँले २ चौका प्रहार गर्नुभयो। आरिफको ओडिआई करिअरको यो चौथो अर्धशतक हो।

यस्तै नेपालका देव खनालले ६५ बलमा २ चौकासहित ३४ रन जोड्नुभयो। ओपनरद्वय आसिफ शेख १४ र कुशल भुर्तेल २७ रनमा पवेलियन फर्कनुभयो। कुशलले ४६ बलमा २ चौका र १ छक्का प्रहार गर्नुभएको थियो। आसिफले २० बलमा २ चौका प्रहार गर्नभयो। उपकप्तान रोहित पौडेल शून्यमा रनआउट हुनुभयो। खराब लयबाट गुज्रिरहेका दीपेन्द्रसिंह ऐरी १८औं ओभरको अन्तिम बलमा ४ रनमा क्याच आउट हुनुभयो। सोमपाल कामी र आदिल अन्सारी १०-१० रनमा आउट हुनुभयो।

नेपाललाई अन्तिम तीन विकेट बाँकी हुँदा ४२ बलमा ५६ रन आवश्यक थियो। तीव्र गतिका बलर रुबेन ट्रम्पेलम्यानको ४४औं ओभरको तेस्रो बलमा करण केसीलाई आउट गरेसँगै नेपालको सम्भावना सकिएको थियो। करण ११ बलमा २ चौका र १ छक्कासहित १९ रनमा आउट

हुनुभयो। लगत्तै बसिर अहमद ३ रनमा पवेलियन फर्किनुभएको थियो।

नामिबियाका स्पिनर बेर्नार्ड शोल्टजले १० ओभरमा २७ रन खर्चेर २ तथा डेविड विजाले ६.५ ओभरमा २४ रन खर्चेर २ विकेट लिनुभयो। जान फ्रिलिंकले २ विकेट हात पार्नुभयो। त्यसअघि टस जितेर पहिला ब्याटिङ थालेको नामिबियाले ४७.३ ओभरमा २२० रन जोडेको थियो। जान निकोल लोफ्टी एटोनले ६९ बलमा ५ चौका र १ छक्कासहित ६० रन जोड्नुभयो। ओपनर लो हान्ड्री लरेन्स र डिभान ला ककले पहिलो विकेटका लागि ६.३ ओभरमा ३१ रनको साझेदारी गर्नुभएको थियो। लरेन्स करण केसीको बलमा १८ रनमा कट एन्ड बोल्ड हुनुभयो।

उहाँले २३ बलमा ३ चौका प्रहार गर्नुभयो। डिभान ला ककले ३२ बलमा ७ चौकासहित ४१ रन जोड्नुभयो। नामिबियाका प्रमुख ब्याटर क्रेग विलियम्सले ४६ बलमा १ चौकासहित २१ रन जोड्नुभयो। दीपेन्द्रले ३०औं ओभरको पाँचौं बलमा कप्तान गेर्हार्ड इरास्मसलाई २२ रनमा आउट गर्नुभये।

तल्लोक्रमका जेजे स्मित १७ र डेविड विजा १८ रनमा आउट हुनुभयो। नेपालका कप्तान सन्दीप लामिछानेले १० ओभरमा ५४ रन खर्चेर ४ विकेट लिनुभयो। सोमपाल कामीले ७ ओभरमा ४४ रन खर्चेर २ तथा करण केसी, बसिर अहमद र दीपेन्द्रसिंह ऐरीले १-१ विकेट लिनुभयो। नेपालले अब दोस्रो खेल बुधबार स्कटल्यान्डसँग खेल्नेछ।

यो हारसँगै नेपाल अंकतालिकाको छैटौं स्थानमा पुगेको छ। नेपाल १७ खेलमा सातमा जित र नौमा हारका साथ १५ अंक जोड्दै छैटौं स्थानमा पुगेको हो। ओमान ३६ खेलमा २१ मा जित र १३ मा हारका साथ ४४ अंक जोड्दै शीर्षस्थानमा छ। स्कटल्यान्ड २१ खेलमा १४ मा जित र पाँचमा हारका साथ ३० अंक जोड्दै दोस्रो स्थानमा छ। युएई २२ खेलमा १२ मा जित र आठमा हारसहित २६ अंकका साथ तेस्रो स्थानमा छ।

अमेरिका २४ खेलमा ११ मा जित र १२ मा हारका साथ २२ अंक जोड्दै चौथो स्थानमा छ। नामिबिया १६ खेलमा आठमा जित र आठमा हारसहित १६ अंकका साथ पाँचौं स्थानमा उक्लिएको छ। पपुवा न्युगिनी २० खेलमा १ मा जित र १९ मा हारका साथ पुछारमा छ।

नेपाललाई सिधै विश्वकप ग्लोबल छनोट खेल्न शीर्ष तीनमा पर्नुपर्ने हुन्छ। त्यसबाहेक प्लेअफ खेल्नुपर्ने हुन्छ। प्लेअफबाट ६ टोलीको खेलमा पुन: शीर्ष दुईमा पर्न सके विश्वकप ग्लोबल छनोट खेल्न पाउनेछ। ओडिआई मान्यतालाई निरन्तरता दिन अंकतालिकामा शीर्ष पाँचमा पर्नुपर्ने हुन्छ।

# नासिरलाई थप तीन स्वर्ण

काठमाडौं/हिटा। नासिर याह्या हुसेनले १० औं एनएसए कप खुला तथा उमेर समूह पौडी प्रतियोगितामा थप तीन स्वर्ण जित्नुभएको छ। योसँगै उहाँ यस प्रतियोगितामा पाँच स्वर्ण हात पार्न सफल हुनुभएको हो। नेपाल पौडी संघले आयोजना गरेको पौडी प्रतियोगितामा नासिरले २०० मिटर फ्रिस्टायल, १०० मिटर ब्रेस्ट स्ट्रोक र १०० मिटर बटरफ्लाइमा स्वर्ण जित्नुभएको हो। सातदोबाटोस्थित पौडी पोखरीमा भएको प्रतियोगितामा नासिरले २०० मिटर फ्रिस्टायलमा २ मिनेट ३.८० सेकेन्डका साथ स्वर्ण जित्नुभएको हो। दोस्रो हुनुभएका इरभिन श्रेष्ठले २ मिनेट ८.९४ सेकेन्डमा पूरा गर्नुभयो। यस्तै तेस्रो स्थानमा रहनुभएका तेन्जिन नामडोल रायन गुरुङले २ मिनेट ९.०३ सेकेन्डमा पूरा गर्नुभयो।

यस्तै १०० मिटर ब्रेस्ट स्ट्रोकमा नासिरले १ मिनेट १२.४५ सेकेन्डमा पूरा गर्दै स्वर्ण जित्नुभयो। दोस्रो स्थानमा १ मिनेट १२.६८ सेकेन्डमा दूरी पूरा गर्दै विकास कुमाल रहनुभयो। तेस्रो स्थानमा रहनुभएका दिपंकर अवालेले १ मिनेट १४.६० सेकेन्डमा दूरी पूरा गर्नुभयो। १०० मिटर बटरफ्लाइमा नासिरले ५९.६० सेकेन्डमा दूरी पूरा गर्दै स्वर्ण जित्नुभयो। यस विधामा अनुभव सुब्बाले १ मिनेट ००.२५ सेकेन्डमा दूरी पूरा गर्दै रजत र अल्भिन महर्जनले १ मिनेट ५.२९ सेकेन्डका साथ कास्यपदक प्राप्त गर्नुभयो।

महिलातर्फ दुवाना लामाले दुई स्वर्ण र एक रजत प्राप्त गर्नुभयो। दुवानाले २०० मिटर फ्रिस्टायलमा २ मिनेट १८.०५ सेकेन्डमा दूरी पूरा गर्दै स्वर्ण जित्नुभयो। निभा मास्केले २ मिनेट १९.१५ सेकेन्डमा दूरी पूरा गर्दै रजत र अनुशिया तण्डुकारले २ मिनेट २४.७० सेकेन्ड समयका साथ कास्य पदक हात पार्नुभयो। यस्तै उहाँले १०० मिटर ब्रेस्ट स्ट्रोकमा १ मिनेट १८.७७ सेकेन्डमा दूरी पूरा गर्दै स्वर्ण पाउनुभयो। यस विधामा उपास्ती महर्जनले रजत प्राप्त गर्नुभयो। उहाँले उक्त दूरी १ मिनेट २३.६३ सेकेन्डमा पूरा गर्नुभयो। तेस्रो स्थानमा रहनुभएका रोयल प्रजापतीले १ मिनेट २६.६७ सेकेन्डमा दूरी पूरा गर्नुभयो। दुवानाले १०० मिटर बटरफ्लाइमा निभा मास्केसँग पराजित हुँदै रजतमा चित्त बुझाउनुभयो। निभाले १ मिनेट ९.५१ सेकेन्डमा साथ स्वर्ण, दुवानाले १ मिनेट १२.३८ सेकेन्डका साथ रजत र सियरा सुभांगी बजागाईले १ मिनेट २४.१५ सेकेन्डका साथ कास्य पाउनुभयो।

# नो मर्सी र न्यु जेनिथलाई उपाधि

**हिमालय टाइम्स**
**काठमाडौं, २८ असार**

नो मर्सी र न्यु जेनिथले प्रथम एसइइ कप ब्वाइज फुटसल तथा बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। नो मर्सी फुटसल तथा न्यु जेनिथ थ्री बाइ थ्री बास्केटबलमा च्याम्पियन बने। खुमलटारस्थित आयोजक प्रिमियर इन्टरनेसनल स्कुलमा भएको फुटसल फाइनलमा नो मर्सीले स्वस्तिश्री गुरुकुललाई ४-१ गोलले पराजित गऱ्यो। उपाधिसँगै नो मर्सीले ५० हजार तथा स्वस्तिश्रीले २५ हजार नगद पुरस्कार पाए।

नो मर्सीका सञ्जय लामा उत्कृष्ट खेलाडी तथा स्वस्तिश्री गुरुकुल रेडका सुरेन्द्र तामाङ उत्कृष्ट गोलरक्षक चुनिनुभयो। प्रतियोगिताभर १३ गोल गर्नुभएका नो मर्सीका गौरव महर्जन सर्वाधिक गोलकर्ता बन्नुभयो। बास्केटबलको फाइनलमा न्यु जेनिथले ऋत एकेडेमीलाई १९-१७ ले हरायो। न्यु जेनिथका सुसन मगर 'मोस्ट भेलुएबल प्लेयर' चुनिनुभयो। न्यु जेनिथले ३५ हजार तथा ऋतले २० हजार नगद पुरस्कार प्राप्त गरे।

विजेतालाई राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान हरि खड्का, बास्केटबलका मुख्य प्रशिक्षक दिनेशचन्द्र नकर्मी, प्रिमियरकी एकेडेमिक डाइरेक्टर प्रविणा थापा, प्रतियोगिताका संयोजक राजु श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गर्नुभयो। दुईदिने प्रतियोगिताको फुटसलमा २४ तथा बास्केटबलमा १६ टिम सहभागी थिए।

# पलेशा र प्रिन्ससहित १३ खेलाडीलाई प्रोत्साहन पुरस्कार

**हिमालय टाइम्स**
**काठमाडौं, २८ असार**

राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले विभिन्न ६ खेलका १३ खेलाडीलाई सोमबार खेलाडी प्रोत्साहन पुरस्कार प्रदान गरेको छ। पारा तेक्वान्दोका ४, ब्याडमिन्टन र भलिबलका १-१, बक्सिङका ३, एथलेटिक्स र ट्रायथलनका २-२ गरी १३ खेलाडीलाई जम्मा १० लाख ५० हजार नगद पुरस्कारसहित प्रशंसापत्र प्रदान गरियो।

पारा ओलम्पियन तेक्वान्दोकी पलेशा गोवर्द्धन र ब्याडमिन्टनका प्रिन्स दाहालले समान एक लाख ५० हजार नगद पाउनुभयो। टोकियो पारा ओलम्पिकमा २ 'बाउट' जितेर इतिहास रच्नुभएकी पलेशाले एसियाली युथ पारा गेम्समा स्वर्ण जित्नुभएको थियो। हाल विश्व जुनियर वरीयताको सातौं स्थानमा रहनुभएका प्रिन्स केही महिनाअघि शीर्ष वरीयतामा हुनुहुन्थ्यो।

बक्सिङका नारिका राई, स्वस्तिका तिरुवा र छिरिङ शेर्पा र पारा तेक्वान्दोकी सिर्जना घिसिङले एक/एक लाख नगद

पाउनुभयो। बक्सिङका तीनैजनाले युएइमा भएको एसियाली युथ तथा जुनियर बक्सिङ प्रतियोगितामा कास्य जित्नुभएको थियो। सिर्जनाले इरानमा भएको वर्ल्ड प्रेसिडेन्ट कप च्याम्पियनसिपमा नेपाललाई रजत दिलाउनुभएको थियो।

एथलेटिक्सकी राजपुरा पछाई र पुष्पा भण्डारी, ट्रायथलनका सोनी गुरुङ र वसन्त थारु, पारा तेक्वान्दोका रञ्जना धामी र विशाल गर्बुजा तथा भलिबलकी अरुणा शाहीले ५०-५० हजार नगद पुरस्कार पाउनुभयो। राजपुराले भारतमा भएको दक्षिण एसियाली क्रस कन्ट्री तथा पुष्पाले ढाका म्याराथनमा रजत जित्नुभएको थियो।

पोखरामा भएको नवौं दक्षिण एसियाली ट्रायथलनमा सोनी र वसन्तले कास्य हासिल गर्नुभएको थियो। रञ्जनाले एसियाली खेलकुदको छनोट तथा विशालले युथ एसियन गेम्सको छनोटमा कास्य हात पार्नुभएको थियो। एसियन सेन्ट्रल जोन महिला भलिबलमा नेपालले स्वर्ण जित्दा अरुणा टोलीकी कप्तान हुनुहुन्थ्यो।

उहाँहरूलाई युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराज, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष शिव कोइराला, राखेपका सदस्य-सचिव टंकलाल घिसिङ, कार्यक्रम संयोजक एवं राखेपकी सदस्य चन्द्रबदना राईले एक कार्यक्रमबीच पुरस्कृत गर्नुभयो।

ZERO COST RECRUITMENT Opportunity for Malaysia !
शुन्य (0) लागतमा मलेशियामा रोजगारको अवसर
Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposit, No Salary Deduction, NO Mediator, Transportation Accommodation from Interview to Deployment !!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ जाच, निःशुल्क भर्ना प्रक्रया, निःशुल्क सेवा शुल्क लाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थता कर्ता (बिचौलिया) निषेधित, अर्न्तवातापछि उडानसमयमा खाना निःशुल्क, यातायात, आवास।
Company: Dindings Poultry Processing SB, Malaysia, Mal पुन: विज्ञापन
पूर्व स्वीकृती मितिः २०७६/११/८ LT. No. 233636 चलानी नं. ६०१५२११५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 67 | 0 | 1200 | ३४,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

Company: BLACKHALK FORCE SDN BHD, Malaysia, KUALALUMPUR पुन: विज्ञापन
पूर्व स्वीकृती मितिः २०७९/२/२३ LT. No. 264398 चलानी नं. ६०१८०४६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | 0 | 1500 | ८३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/गरिने | स्वदेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा जीवा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | निःशुल्क (Free) | निःशुल्क (Free) |

फाइनल अन्तरवार्ता मेनपावरको कार्यालयमा २०७९ साउन ४ गते (20 July, 2022) का दिन हुनेछ।
वैदेशिक रोजगार विभागबाट भराईएको जानकारी: १) आफ्नो नामका भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला। कुल लागत खर्चः निःशुल्क
एस.भी. एशोसिएट्स प्रा. लि.
पो.ब.नं. १९६७३, बांसबारी, काठमाडौं
फोन नं. ४०१८५५०, ४०१८६८८, ४०१८६७७, फ्याक्स ४०१८५५२
S.V. Associates Pvt. Ltd.
P O Box NO. 19673, Bansbari Kathmandu
Phone No. 4018550, 4018688, 4018677, Fax: 4018552
Regd. No.: 15106

## सच्याईएको सूचना

मिति २०७९/०३/२४ गते हिमालय टाइम्स राष्ट्रिय दैनिकमा **एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पानीपोखरी, काठमाडौं**को सूची दर्ता गर्ने बारेको सूचनामा **प्रथम पटक प्रकाशित मिति २०७९/०३/२४** हुनुपर्ने तथा **यस कार्यालयलाई आ.व. २०७९/०८० को लागि आवश्यक पर्ने** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# काठमाडौं टिम च्याम्पियन

**हिमालय टाइम्स**
**काठमाडौं, २८ असार**

काठमाडौं बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा टिम च्याम्पियन बनेको छ। विभिन्न ६ खेल समावेश प्रतियोगितामा काठमाडौं १५ स्वर्ण, पाँच रजत र चार कास्यसाथ समग्रमा टिम च्याम्पियन बनेको हो। बागमती प्रदेश खेलकुद विकास परिषद्द्वारा आयोजित प्रतियोगितामा चितवन १४ स्वर्ण, १२ रजत र तीन कास्यसहित दोस्रो भयो। ललितपुरले तेस्रो स्थानमा चित्त बुझायो। ललितपुरले आठ स्वर्ण र दुई रजत हात पाऱ्यो।

बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको तेक्वान्दोमा काठमाडौं टिम च्याम्पियन बन्यो। चार स्वर्ण र एक कास्यसाथ काठमाडौं टिम च्याम्पियन बनेको हो। प्रतियोगितामा एक स्वर्ण, एक रजत र तीन कास्यसाथ ललितपुर दोस्रो भयो। तेस्रो स्थानको काभ्रेले एक/एक स्वर्ण, रजत र

कास्य हात पाऱ्यो।

कोटेश्वर तेक्वान्दो डोजाङमा भएको प्रतियोगिताको पुरुषमा काभ्रेका किरण तामाङ तथा महिलामा ललितपुरकी समता जिरेल उत्कृष्ट खेलाडी घोषित हुनुभयो। विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइराला, तेक्वान्दोका मुख्य प्रशिक्षक नवीनकुमार श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गर्नुभयो। सो अवसरमा कोटेश्वर तेक्वान्दो डोजाङले तेक्वान्दो खेलको विकास र विस्तारमा योगदान पुऱ्याएवापत आइओएफटिसीका निर्देशक दिवाकर महर्जन र तेक्वान्दोका प्रेम भुजेललाई प्रशंसापत्रसहित सम्मान गर्नुभयो।

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०३।२९*

यस कार्यालयबाट मिति २०७९।०२।१९ गते हिमालय टाइम्स पत्रिकामा दोस्रो पटक प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार पर्न आएको एक मात्र बोलपत्र न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्र नं. र कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर सहित) |
|---|---|---|---|
| १. | ठेक्का नं. १०/०७८-०७९ Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Rural Municipality, Ward Offices, Community Health Centers and Community school of Ghyanglekh Rural Municipality Through 12-Core Optical Fiber. | Arrownet Pvt. Ltd., Tripureshwor | रु. ५८००००.२८ |

*प्रमुख प्रशासकीय अधिकृत*

# बुद्धिचाल संघको अध्यक्षमा गौतम

**काठमाडौं/हिटा।** नेपाल बुद्धिचाल संघको अध्यक्षमा विदुरप्रसाद गौतम निर्विरोध निर्वाचित हुनुभएको छ। संघको सोमबार भएको साधारणसभाले अधिकांश पद निर्विरोध र केही पद निर्वाचनमार्फत् चयन गरेको छ। राजेन्द्रप्रसाद रिजाल वरिष्ठ उपाध्यक्षमा निर्विरोध चयन हुँदा तीन उपाध्यक्षका लागि निर्वाचन भएको थियो। जसमा धनबहादुर बोगटी, सुबोधराज शेर्पाली र नारायण दास गमाल निर्वाचित हुनुभएको छ। बोगटीले ५९, शेर्पालीले ५५ र गमालले ५२ मत प्राप्त गर्नुभयो। उपाध्यक्षका उम्मेदवार माधवप्रसाद प्रधानले १७ र ओमप्रसाद उपाध्यायले नौ मत प्राप्त गर्नुभयो।

महासचिवमा धरमबहादुर लामा, तीन सचिवमा मोनालिसा खम्बू, भुपेन्द्र निरौला र उमेश केसी, कोषाध्यक्षमा ज्ञानेन्द्र महर्जन, सह-कोषाध्यक्षमा यज्ञप्रसाद पन्त निर्विरोध निर्वाचित हुनुभयो। सात प्रदेशबाट एक-एकजना र महिला सदस्य निर्विरोध सदस्य निर्वाचित हुँदा खुला तीन सदस्यका लागि भने निर्वाचन भएको थियो। सातजनाबीचको प्रतिस्पर्धामा कृष्णप्रसाद सिरदेल ४३, प्रविणबहादुर भडेल ३४ र रामकिशोर सिंह ३२ मतका साथ विजयी हुनुभयो। अन्य उम्मेदवार याइसास यासिर खम्बूले २६, राजीवन कार्कीले २३, विकास कार्कीले २१, मनोज घिमिरेले १७ मत प्राप्त गर्नुभयो।

त्यस्तै, प्रदेश १ बाट दीपेन राई, मधेश प्रदेशबाट सुरेन्द्रकुमार शाह, बागमतीबाट निरञ्जन प्रजापती, गण्डकीबाट महेश्वर अधिकारी, लुम्बिनीबाट चन्द्रमणि गैरे, कर्णालीबाट शक्तिराम बुढा, सुदूरपश्चिमबाट गोपाल श्रेष्ठ र महिला सदस्यमा पार्वती श्रेष्ठ निर्विरोध चयन हुनुभयो।

# अभिवृद्धि कार्यक्रमको सुरुवात

**काठमाडौं/हिटा।** राष्ट्रिय खेलकुद परिषद् (राखेप) द्वारा आयोजित राष्ट्रपति खेलकुद महिला सहभागिता अभिवृद्धि कार्यक्रमको एक कार्यक्रमबीच उद्घाटन गरियो। अभिवृद्धि कार्यक्रमको युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो। सो अवसरमा मानव बेचबिखनविरुद्ध आवाज उठाउँदै आउनुभएकी चरीमाया तामाङ र १५ वर्षको उमेरमा एसिड आक्रमणमा परी घाइते हुनुभएकी मुस्कान खातुनको साहसको कदर गर्दै राखेपले सम्मान गरेको थियो। सोमबार काठमाडौं, ललितपुर र भक्तपुरका विद्यार्थीका लागि आत्मरक्षासम्बन्धी तालिम पनि दिइएको थियो। कार्यक्रम उपत्यकाका तीनसहित २१ जिल्लामा सञ्चालन गरिनेछ। कार्यक्रममा कक्षा ८ देखि १२ सम्म अध्ययनरत करिब चार हजार छात्राको सहभागिता रहने खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख मिनकुमार शर्माले जनाउनुभएको छ।

प्रशिक्षार्थीहरूलाई नेपाल केआइएफ कुरोदय संघ र नेपाल मार्सल सेल्फ डिफेन्स संघले आत्मरक्षासम्बन्धी तालिम दिनेछन्।